# रोहिणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही

फोन नं. ०७१-४११०४७
फ्याक्स ०७१-४११०४७

५ नं. प्रदेश, नेपाल


प.सं.०७६।७७   च.नं.१५६   मितिः २०७६/०५/०८

रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धकधई, रुपन्देही ५ नं. प्रदेश, नेपाल २०७३

श्री सबै वडा कार्यालयहरु,

रोहिणी गाउँपालिकाको कार्यालय,

धकधई, रुपन्देही ।

विषयः प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा रोजगारीको हकको कार्यान्वयनका लागि गत आ.ब.२०७५/०७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम यस गाउँपालिकामा कार्यान्वयनमा रहेको व्यवहोरा विदितै छ ।

चालु आ.ब. २०७६/०७७ मा पनि सो कार्यक्रम सञ्चालनमा रहेकोले मुलुक भित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गर्न सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी रोजगारीको हक प्रत्याभूत गर्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं. ०६, मिति २०७६-०४-१३ को पत्रमा उल्लेख भई आएको प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ मा भएको रोजगारी सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न गराउन हुन आदेशानुसार अनुरोध छ । साथै, मन्त्रालयबाट प्रेषित पत्र यसैसाथ संलग्न गरिएको व्यवहोरा अनुरोध छ ।

.....................

कर्ण कुमार क्षेत्री

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री सूचना तथा प्रविधि अधिकृतज्यू,

रोहिणी गाउँपालिका :website मा Upload को लागि ।


Phone : 071-411047   Email:- rmdr073@gmail.com

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-४२००४८
फ्याक्स ९७७-१-४२११८७
E-mail info@mole.gov.np
Website moless.gov.np

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

प.स. ०७६/०७७
च. नं. ६५ मिति: २०७६-०४-१३

श्री सबै स्थानीय तहहरु।

(मार्फत श्री संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय)

**विषय: प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५मा भएको रोजगारी सम्बन्धी व्यवस्था कार्यान्वयन सम्बन्धमा ।**

रोजगारी सम्बन्धी हकको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ मिति २०७५।१०।२५ मा स्वीकृत भई कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ । सार्वजनिक क्षेत्र,मा आन्तरिक रोजगारी सृजना गरी रोजगारीको हक प्रत्याभूत गर्ने उद्देश्यले यस निर्देशिकाको दफा १९ उपदफा (२) ले नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरु र स्थानीय तहहरु सबैले रु. एक करोडसम्म लागत अनुमान भएका आयोजनाहरु सञ्चालन गर्दा प्राविधिक दृष्टिकोणबाट मेशिनको प्रयोग नगरी सम्भव नहुने भनी तोकिएको प्राविधिक टोलीले सिफारिस गरेको अवस्थामा बाहेक सबै आयोजनाहरुमा श्रमिकको उपलब्धता भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्ने व्यवस्था भएको छ । त्यसैगरी दफा २० उपदफा (१) मा नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालयहरु र स्थानीय तह अन्तर्गतका सार्वजनिक निर्माण वा सार्वजनिक क्षेत्रका अन्य आयोजनाहरुले आ–आफ्ना कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यक पर्ने श्रमिक अनुसूची ३ बमोजिमको फाराम भरी रोजगार सेवा केन्द्रबाट माग गर्नु पर्ने विषय उल्लेख गरेको छ ।

सोहि दफाको उपदफा (२) मा ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने सार्वजनिक क्षेत्रका आयोजनामा ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायीले आयोजना निर्माण गर्न आवश्यक पर्ने अदक्ष श्रमिक आयोजना प्रमुख मार्फत सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्रसँग माग गरी काममा लगाउनु पर्ने, उपदफा (३) मा निर्माण व्यवसायीले उपदफा (२) बमोजिमका आयोजना निर्माणमा आवश्यक पर्ने अर्धदक्ष र दक्ष श्रमिक समेत उपलब्ध भएसम्म सम्बन्धित रोजगार सेवा केन्द्रबाटै माग गरी काममा लगाउनु पर्ने र उपदफा (२) र (३) का व्यवस्थाहरुलाई कार्यान्वयन गर्न आयोजना प्रमुखले निर्माण व्यवसायीसँग गर्ने ठेक्का सम्झौतामै आवश्यक शर्तहरु समावेश गर्नु पर्ने सोही दफाको उपदफा (४) मा व्यवस्था गरिएको छ ।

उल्लेखित व्यवस्थाहरु व्यवस्थाहरु कार्यान्वयन गरी मुलुक भित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गर्न सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी रोजगारीको हक प्रत्याभूत गर्ने कार्यमा सहयोग पुर्याउन ताहाँ स्थानीय तह अन्तर्गतका निकाय, कार्यालय, आयोजनामार्फत कार्यान्वयन गर्नु गराउनु हुन मिति २०७६।०४।०७ को (मा. मन्त्रीस्तरीय) निर्णयानुसार अनुरोध छ ।

डा. लोकनाथ भुसाल
उपसचिव